# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

**प्रथम पटक प्रकाशित मिति भदौ १५, २०७८**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण २७, २०७८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा Webinar(Zoom) मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौ ।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : असोज ०६, २०७८ (सेप्टेम्बर २२, २०२१)
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
(Zoom को ID/Passcode उपलब्ध गराइनेछ ।)

**२. छलफलका विषयहरु:**

**क) साधारण प्रस्तावहरु**

१) संचालक समितिको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
३) आ.व. २०७८/७९ को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संस्थापक समूहका संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

१) प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।
२) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. शेयरधनीहरुले आफ्नो नाम र E-mail ID कम्पनीको E-mail ठेगाना **dordi1hep@gmail.com** मा पठाउनु पर्नेछ ।
२. Zoom Meeting को विवरण शेयरधनीले कम्पनीलाई उपलब्ध गराएको E-mail मार्फत सम्बन्धीत शेयरधनीहरुलाई सभा हुनुभन्दा अघिल्लो दिन पठाइनेछ ।
३. Zoom app मार्फत सहभागी हुनका लागि शेयरलगतमा दर्ता भए बमोजिम आफ्नो नामबाट login गर्नुपर्नेछ ।
४. हाजिरी प्रयोजनको लागि Zoom meeting बिहानको ९:३० बजे देखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति भदौ २२, २०७८ देखि असोज ०६, २०७८ सम्म बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति भदौ २१, २०७८ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
६. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वर मा सम्पर्क राख्न सकिनेछ । साथै कम्पनीको वेव साईट **www.dordikhola.com.np** मा पनि हेर्न सक्नु हुनेछ ।
७. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले मिति असोज ०५, २०७८ बिहान ११:०० बजे भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
८. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम र कार्यतालिका निर्वाचन हुने मिति भन्दा ३ (तीन) दिन अघि कम्पनीको सूचना पाटीमा टाँस गरी वेव साईट **www.dordikhola.com.np** मा समेत राखिनेछ ।
९. कम्पनीले स्वीकृत गरेको संचालकको निर्वाचन सम्बन्धी निर्देशिका बमोजिम संचालकहरुको निर्वाचन सम्पन्न हुनेछ । संचालकको लागि उम्मेदवारी दिन इच्छुक शेयरधनीले संचालकको निर्वाचन सम्बन्धी निर्देशिका लिन चाहेमा निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।
१०. साधारण सभा हुने मिति भन्दा कम्तिमा ३ (तीन) दिन अघि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।
११. साधारण सभामा आफ्नो जिज्ञासा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने मिति भन्दा २ (दुई) दिन अघि नै E-mail मार्फत पठाउनु पर्नेछ ।
१२. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**